# राष्ट्रिय कफी नीति २०६०

कफी उत्पादन, प्रशोधन एवं व्यापारिक कारोवारमा निजी तथा सहकारी क्षेत्र समेतको सहभागिता बृद्धि गरी देशमा उपलब्ध संभावनाहरुको दिगो र व्यवस्थित उपयोग गरी आय आर्जन रोजगारीको अवसर बृद्धि एवं बैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो श्रोतको रुपमा कफी विकास गर्न गराउन श्री ५को सरकारले राष्ट्रिय कफी नीति, २०६० स्वीकृत गरी लागू गरेको छ ।

## १. परिभाषा

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा,**

१.१ "कफी कृषक" भन्नाले प्रचलित कानूनले तोकेको जग्गाको हदबन्दी भित्र रहेर कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.२ "व्यवसायिक कफी कृषक" भन्नाले प्रचलित कानून बमोजिम जग्गा हदबन्दी छुटको सूविधा लिई कफी खेती गर्ने कृषकलाई जनाउँछ ।

१.३ "सहकारी कफी खेती" भन्नाले प्रचलित सहकारी ऐन अन्तर्गत गठन भई समूहगत रुपमा आवद्ध भएर कफी खेती गर्नेलाई जनाउँछ ।

१.४ "कफी उद्योग" भन्नाले कफी खेती गर्ने वा कफी प्रशोधन गर्ने कारखाना संचालन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता गरिएको उद्योगलाई सम्झनू पर्दछ ।

१.५ "कफी प्रशोधन कारखाना" भन्नाले कफी प्रशोधनका लागि चाहिने उपकरणहरु र मेशिनरीहरु जस्तै पल्पर, हलर, रोष्टर आदि जडान भएको संरचनालाई जनाउंछ ।

१.६ "कफी निर्यात कर्ता" भन्नाले नेपालमा उत्पादित कफी अन्य मूलूकमा निर्यात गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.७ "कफी आयात कर्ता" भन्नाले विदेशमा उत्पादित कफी पैठारी गरी विक्री वितरण गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.८ "कफी प्याकर" भन्नाले स्वदेशमा उत्पादित दाना कफी (cherry coffee) रोष्टिङ्ग, प्याकेजिङ्ग, लेवलिङ्ग गरी वा तयारी कफी प्याकिङ्ग गरी विक्री गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ ।

१.९ "बोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास वोर्डलाई जनाउँछ ।

१.१० "कफी व्यवसाय" भन्नाले व्यवसायिक रुपमा कफी खेती, प्रशोधन, आयात, निर्यात एवं विक्री वितरण गर्ने कार्यलाई जनाउँछ ।

१.११ "बैंक" भन्नाले कफी व्यवसायमा लगानी गर्ने कृषि विकास बैंक लगायत प्रचलित कानून बमोजिम बैकिङ्ग कारोवार गर्न अनूमति प्राप्त वित्तीय संस्थालाई जनाउँछ ।

## २. उदेश्य

२.१ कफीको आयात प्रतिस्थापन गरी निर्यात प्रबर्द्धन गर्ने ।

२.२ आय र रोजगारीका अवसरहरु श्रृजना गरी गरिवी निवारणमा सहयोग पूर्याउने ।

२.३ कफी खेती विस्तार गरी वातावरण संरक्षणमा सहयोग पूर्याउने ।

२.४ कफी व्यवसायलाई दिगो र आकर्षक बनाउने ।

## ३. नीति तथा कार्य नीतिहरुः

### ३.१ उत्पादन तथा प्रशोधन

३.१.१ कफीको उत्पादन र प्रशोधनमा आधूनिक प्रविधिहरुको विकास तथा जैविक कफी खेती प्रबर्द्धन गर्न नीजि/सहकारी क्षेत्रको समेत सहभागितामा आवश्यकता अनूसार कफी अनूसन्धान केन्द्र तथा उपकेन्द्रहरुको स्थापना गर्नूका साथै भइरहेको कफी विकास केन्द्रलाई सूधार गरिनेछ ।

३.१.२ कफी खेतीको लागि प्रयोग भएको जग्गाको हदबन्दीमा प्रचलित नियमानूसार छुट दिईने छ ।

३.१.३ व्यवसायीक कफी खेती भएका क्षेत्रहरुमा सडक, सिंचाई विजूली, संचार जस्ता आधारभूत भौतिक विकासका संरचनाहरुको विकास गर्न प्रँथमिकता दिइने छ । यसरी दिइने प्राथमिकता उक्त क्षेत्रमा बसोवास गर्ने अधिकांश कृषकहरुको मूख्य व्यवसाय कफी खेती भएको हूनू पर्नेछ ।

३.१.४ कफी प्रशोधन उद्योगको लागी आवश्यक मेशिनरी औजार आयात गर्दा कृषिजन्य उद्योगहरुले पाए सरहको सूविधा पाउने छ ।

३.१.५ कफी उत्पादन एवं प्रशोधनको लागि आवश्यक दक्ष जनशक्तिको विकास गरिने छ ।

३.१.६ निर्यात हुने कफीमा आकर्षक राष्ट्रिय प्रतीक चिन्ह (logo) राखिने व्यवस्था गरिने छ ।

३.१.७ कफी प्रशोधनका लागि उपयूक्त मेशिनरी औजार मूलूकमै उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

३.१.८ यस नीति अन्तर्गत उपलब्ध गरिएका सूविधा सहूलियत लक्ष्य बमोजिम उपयोग गर्न नसकेमा त्यस्ता सूविधा सहूलियतबाट वञ्चित गर्न सकिनेछ ।

३.१.९ व्यवसायिक कफी खेती गर्ने, कफी आयात निर्यात तथा स्थानीय तहमा बिक्री वितरण गर्ने र कफी प्रशोधन गर्ने कारखानाले वोर्डको पूर्व स्वीकृति लिई वोर्डमा सुचिकृत गर्नु पर्नेछ ।

३.१.१० व्यवसायी कफी खेतीको लागि नीजि वा सरकारी जग्गा लिजमा दिने व्यवस्था गरिने छ ।

## ३.२ बजार तथा व्यापार प्रबर्द्धन

३.२.१ कफी निर्यात प्रबर्द्धनको लागि विदेश स्थित नियोगहरुसंग समन्वय गरी विदेशमा प्रचारात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३.२.२ निर्यात हूने दाना कफीमा एक पटकमा अधिकतम ३०,००० (तिस हजार) अमेरिकी डलर मुल्य सम्मको परिमाण निर्यात गर्दा विना एल.सी पठाउन सकिने छ ।

३.२.३ कफीको आन्तरिक माग पूर्तिका लागि नेपालमा उत्पादित कफीलाई नै प्राथमिकता दिई आयात प्रतिस्थापनतर्फ ध्यान दिईने छ ।

३.२.४ नेपालमा जैविक (organic) कफी उत्पादनको महत्व बारेका प्रचार प्रसारमा विशेष ध्यान दिई प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

३.२.५ स्वदेशमा उत्पादित कफी निर्यात गर्दा र विदेशबाट कफी आयात गर्दा वोर्डको पुर्व स्वीकृति लिनूपर्ने छ ।

## ३.३ संस्थागत व्यवस्थाः

३.३.१ कफी सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय सेमिनार, मेला, प्रदर्शनीहरुमा व्यवसायिक रुपमा कफी खेतीमा संलग्न कृषक, उद्योगपति तथा कर्मचारीहरुलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ ।

३.३.२ वोर्डले नीजि क्षेत्र लगायत स्वदेशी एवं विदेशी संघसंस्थाहरुसंग समन्वय राखी कफी अनूसन्धानको साथै प्रविधि विकासमा जोड दिनेछ ।

३.३.३ कफीको गूणस्तर कायम गर्न उपयूक्त प्रयोगशालाको विकास गरिनेछ ।

३.३.४ वोर्डले कफीको व्यवसाय प्रबर्द्धनका लागि आवश्यक सूविधाहरु उपलब्ध गराउनको लागि सम्बन्धित निकायमा सिफारीश गरिने छ ।

३.३.५ कफी विकासको लागि अध्ययन भ्रमण, तालिम तथा उच्च शिक्षाको व्यवस्था गरिनेछ ।

नेपाल कानून आयोग

३.३.६ कफीको क्षेत्रफल, उत्पादन, निर्यात आयात, बिक्री, प्रशोधन आदिको तथ्यांङ्क संकलन एवं विश्लेषण गरी केन्द्रीय स्तरमा सुचना प्रणालीको विकास गरिनेछ ।

३.३.७ कफी व्यवसायीहरुलाई संस्थागत रुपमा बजारीकरण, कफी विकास योजना, नीति निर्माण एवं कफीको बजार व्यवस्थापनमा सहभागी गराईनेछ ।

३.३.८ वोर्डले कफी व्यवसायीहरुको सूपरीवेक्षण, अनूगमन र मूल्याङ्कन गरी उत्कृष्ट व्यवसायीलाई पूरस्कृत गर्नेछ ।

३.३.९ कफी बजार प्रतिस्पर्धी नभएसम्म कफी मुल्य निर्धारण समितिमा कफी कृषक/सहकारी र व्यवसायीको तर्फबाट संस्थागत प्रतिनिधित्व हुनेछ ।

३.३.१० स्वदेशी तथा विदेशी व्यक्ति, सहकारी वा संस्थाको संयूक्त लगानीमा व्यवसायिक कफी खेती एवं प्रशोधन कारखाना स्थापना गर्न सकिनेछ ।

## ४. कफी विकास कोष

४.१ राष्ट्रिय कफी विकास कोष स्थापना गरिने छ ।

४.२ उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

४.२.१ राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था एवम् अन्य श्रोतबाट कफीको विकास तथा अनूसन्धानको लागि प्राप्त रकम ।

४.२.२ लिजबाट प्राप्त रकम ।

४.२.३ श्री ५ को सरकारबाट कफी विकासको लागि प्राप्त रकम ।

४.२.४ वोर्डले परामर्श दिए वापत प्राप्त हुने सेवा शुल्क ।

४.३ उक्त कोष वोर्डबाट स्वीकृत निर्देशिका बमोजिम संचालन हुनेछ ।

नेपाल कानून आयोग